# दुई भन्दा बढी हितग्राही खाता संचालन नगर्ने सम्बन्धी सूचना

नेपाल धितोपत्र बोर्डको मिति २०७४/०३/११ को निर्देशन अनुसार लगानी व्यवस्थापनमा सहभागी हुनका लागि लगानी व्यवस्थापन अनुसार डिम्याट खाता खोल्न सक्ने र अन्यको हकमा बढीमा दुई डिम्याट खाता खोल्न सक्ने व्यवस्था रहेको र दुई भन्दा बढी खाता संचालन गरिरहेका हितग्राहीहरूले आफ्नो सम्पूर्ण धितोपत्रहरू अब उप्रान्त कायम रहने कुनै दुई वटा खातामा हस्तान्तरण गरि अन्य खाता बन्द गराउन र यस प्रयोजनका लागि लाग्ने हस्तान्तरण शुल्क २०७४ भाद्र मसान्तसम्मका लागि छुट दिई बन्द गराउन निर्देशन दिइएकोमा हालसम्म पनि केहि लगानीकर्ताहरूको दुई भन्दा बढी हितग्राही खाता रहेको भेटिएकोले सम्पूर्ण लगानीकर्ताहरूलाई तोकिएको भन्दा बढी खाता संचालन नगर्नु हुन हार्दिक अनुरोध गरिन्छ ।

साथै दुई भन्दा बढी हितग्राही खाता रहेका लगानीकर्ताले यो सूचना प्रकाशित भएको ३५ दिन भित्र सो खाता बन्द गर्नु हुन अनुरोध गरिन्छ । उक्त मिति पश्चात दुई भन्दा बढी खाता संचालन गर्ने हितग्राहीको सम्पूर्ण खाताहरू रोक्का राख्न यस लि. बाध्य हुने जानकारी गराइन्छ ।


**सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड**

**चौथो तल्ला, शेयर मार्केटस् कमर्शियल कम्प्लेक्स**

**पुतलीसडक, काठमाडौं**

**फोन नं.: ०१-४२३८००८, ४२१६०६८, ४२४०१५०**